Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८०/८१
च.नं.

**कृषि बजार कार्यक्रम सम्बन्धी प्रस्ताव आवह्यनको सूचना ।**

प्रथम पटक प्रकाशित मितिः २०८०/११/१८ गते

आ.व. २०८०/८१ मा कृषि ज्ञान केन्द्र सिरहाले कृषि बजार पूर्वाधार विकास कार्यक्रम र प्रत्येक जिल्लाहरुमा एकीकृत बजार व्यवस्थापनको कार्यक्रम संचालन गर्ने भएकोले इच्छुक कृषि समुह/कृषि सहकारी/उपभोक्ता समिति/कृषि उधमीहरुले आवश्यक नक्सा, ड्रईङ्ग, डिजाइन, लागत अनुमान र आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अर्थात २०८०/१२/०२ गते सम्म) “कृषि बजार पूर्वाधार विकास कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि २०८०” अनुसार कृषि बजार पूर्वाधार निर्माणको हकमा अनुसुचि २ को ढाँचामा र कृषि बजार पूर्वाधार स्तरन्नतिको हकमा अनुसूची ३ को ढाँचा अनुसार प्रस्ताव तयार पारी यस कृषि ज्ञान केन्द्रमा प्रस्ताव दर्ता गर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । अनुदान रकम कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संसोधन) कार्यविधि २०७७ अनुसार अधिकतम सिमा कायम हुनेछ । साथै यस विषयमा थप जानकारीको लागि (परमानन्द चौधरी मो.न. ९८५२८८०५०१, नथुनी यादव मो.न. ९८५२८५०६०५ र रामकरण यादव मो.न. ९८५८८०५०५) मा सम्पर्क गर्न तथा कार्यालयको वेभसाईट akcsiraha.p2.gov.np मा हेर्न सकिन्छ ।

कार्यक्रमको नामः १. कृषि बजार पूर्वाधार विकास कार्यक्रम २. प्रत्येक जिल्लाहरुमा एकीकृत बजार व्यवस्थापन कार्यक्रम ।

निवेदन दर्ता हुने स्थानः कृषि ज्ञान केन्द्र सिरहा

कृषि बजार पूर्वाधार विकासको लागि पालना गर्नु पर्ने मापदण्ड एवम शर्तहरुः

क. प्रस्तावित पूर्वाधार निर्माणको लागि उपयुक्त हुने जग्गा एकिन भएको हुनुपर्ने ।
ख. निर्माण हुने संरचना अनुसार अनुसूची १ बमोजिम आवश्यक न्युनतम क्षेत्रफल हुनुपर्ने ।
ग. प्रस्तावित जग्गामा बाटो, ढल निकास, पानि तथा बिजुली जस्ता आवश्यक पूर्वाधार सुविधा पुगेको हुनुपर्ने ।

कृषि बजार पूर्वाधार विकासका लागि आवश्यक न्युनतम क्षेत्रफल र आवश्यक संरचना (अनुसूची-१)

| क्र.स. | कृषि बजार पूर्वाधारको प्रकार | न्युनतम आवश्यक क्षेत्रफल | आवश्यक संरचनाहरु |
|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र/ कृषि हाट बजार | १ कठ्ठा | भण्डारण सुविधा, बजार सेड, शौचालय, खानेपानी । |
| २ | कृषि हाट बजार संकलन केन्द्र सहितको | ३ कठ्ठा | बजार सेड, बजार सूचना केन्द्र, कार्यालय शौचालय, खानेपानी, भण्डारण सुविधा । |
| ३ | प्रादेशिक कृषि बजार/थोक बजार | १० कठा | भण्डारण घर, एप्रोच सडक, बजार सेड, बजार सूचना केन्द्र, कार्यालय शौचालय, घेरबेरा, फोहोरमैला व्यवस्थापन सम्वन्धि संरचना । |
| ४ | कृषि पूर्वाधार स्तरोन्नति | | विद्यमान कृषि बजारमा पूर्वाधारहरुमा भण्डारण घर, प्रयोगशाला निर्माण, तथा उपकरणहरु, सूचना केन्द्र,फोहोर मैला व्यवस्थापन सम्वन्धि संरचना लगायत थप निर्माण । |

कृषि ज्ञान केन्द्र सिरहा